# नेपाल गजेट

## भाग ४

### नेपाल सरकारद्वारा प्रकाशित

**काठमाडौं माघ २१ गते २०१४ साल**

### पब्लिक वर्क्स तथा सञ्चार सचिवालयको सूचना

नेपाल सरकारका सचिवालयहरू तथा अरू सबै अड्डाखानाहरूको टिकट टाँसी चिठीपत्र आदान प्रदान गर्नुपर्ने गैह्र चिठीपत्रहरूमा २०१५ साल श्रावण १ गतेदेखि सर्भिस टिकट टाँसिकन मात्र चिठीपत्र आदान प्रदान गर्नुपर्ने र सो टायमदेखि चालु गर्न अवकाश नहुने गरी अर्थ सचिवालय एकाउन्टेन्ट जनरल अफिस समेतबाट जो चाहिने प्रबन्ध तुरुन्त मिलाइदिने व्यवस्था गराउने समेत ०१४-६-२४-३ मा सरकारबाट निर्णय भै आएकोले उक्त लेखिए-बमोजिम नेपाल सरकारका सचिवालय तथा सबै अड्डाखानाहरूले २०१५ साल श्रावण १ गतेदेखि गैरहकारी स· आकाशवाणी, टेलिफोन चिठीपत्रहरू आदान प्रदान गर्न निम्नलेखिएबमोजिम व्यवस्था मिलाइएको छ: —

आफ्ना मातहतका सबै अड्डाखानामा समयमै पुर्‍याउन सक्ने गरी सब मन्त्रालयहरूले अर्थमन्त्रालयमार्फत जिल्ला मालहरूबाट चाहिने सर्भिस टिकट यथासमयमा लिने र एक पल्ट लिएको टिकटबाट नपुग भएमा फेरि पटक पटक गरी चाहिंदो लिनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पछिलाई सर्भिस टिकट सर्वत्र मालहरुमा प्राप्त हुने व्यवस्था अर्थ-मन्त्रालयबाट हुने छ।

२०१५-२०१६ सालको बजेटमा सबै अड्डाखानालाई सो वर्षभरलाई चाहिने जिम्मावारी लिएको टिकटको मोल निकाशा लिई चुक्ता गरिदिनुपर्दछ।

सबै मन्त्रालयहरुले आफ्ना तालुकका अड्डाखानाहरूलाई यस्तो आ· वा· टेलिफोन खर्चको यथाशीघ्र सालबसाली दरबन्दी गराउने कारवाई २०१५-१६ सालको आर्थिक वर्षभित्र सबै दरबन्दी गरई दरबन्दीबमोजिमको रुपैयाँ झिकी साफटीको रुपमा लिएको टिकटको मोल भुक्तान गरिदिने समेत व्यवस्था हुनुपर्दछ।

अड्डाखानाहरूले यो सर्भिस ष्टाम्पको श्रेस्ता मसलन्दसरह राखी मिन्हाहा गराउने गर्नुपर्छ।

सरकारका आदेशबमोजिम-
सुरेन्द्रशमशेर राणा,
सेक्रेटरी-प. व· तथा संचार सचिवालय,

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।